# प्रेस विज्ञप्ती

## पत्रकार महिलाहरुको दुई दिने राष्ट्रिय सम्मेलन २०६४ सम्पन्न

२०६४ फागुन २० गते, काठमाडौं

संचारिका समूहको आयोजनामा फागुन १९ गते देखि शुरु भएको पत्रकार महिलाहरुको राष्ट्रिय सम्मेलनको आज १३ बुँदे घोषणा पत्र जारी गर्दै सम्पन्न भएको छ ।

आज जारी घोषणा पत्रमा राज्य पुनः संरचनाको वर्तमान संवेदनशील कालखण्डमा पत्रकार महिलाहरू आफ्नो पेशागत दायित्वबोधले अत्यन्त गम्भीर भएको र अग्रगमनका लागि पत्रकारिता क्षेत्रले निर्वाह गर्नुपर्ने सामाजिक दायित्वप्रति पूर्ण प्रतिबद्ध भएको उल्लेख गरिएको छ । प्रतिबद्धता व्यवहारमा उतार्नका लागि आधारभूत पूर्वाधारको खाँचो भएको जनाइएको छ ।

घोषणा पत्रले लोकतन्त्रको स्थापना पछि पनि प्रेस स्वतन्त्रताको निर्वाध उपभोगमा व्यवधान कायमै भएको र पत्रकारको भौतिक तथा पेशागत सुरक्षा कायम हुन नसकेको कुरामा जोड दिंदै यस्तो अवस्थाको तत्काल अन्त्य हुनु पर्छ भनिएको छ ।

साथै घोषणा पत्रले सञ्चार क्षेत्रमा पनि पत्रकार महिलाको सहभागिता सुनिश्चितताका लागि पनि माग गरेको छ । शारीरिक अपाङ्गता भएका महिलाले पनि सञ्चार माध्यममा रचनात्मक भूमिका निर्वाह गर्नसक्ने भएकाले उनीहरूको सहभागिताको कुरा पनि घोषणापत्रमा उठाइएको छ ।

घोषणा पत्रमा श्रमजीवी पत्रकारलाई नियुक्ति दिएर मात्र काममा लगाउने, उचित पारिश्रमिक निर्धारण गर्ने, श्रमजीवी पत्रकार ऐनका प्रावधानहरूलाई तत्काल लागू गर्ने र ऐन लागू नगर्ने सञ्चार माध्यमहरूविरुद्ध कारवाही गर्ने जस्ता मुद्दाहरु पनि उठाइएका छन् ।

हाल संशोधन क्रममा रहेको श्रमजीवी पत्रकार नियमावलीलाई महिला-मैत्री बनाइनु पर्ने, महिलाको प्रजनन स्वास्थ्यको विशेष अवस्थाप्रति संवेदनशीलता प्रकट गर्दै विदा दिने व्यवस्था गर्नु पर्ने, ठूला संचार गृहहरुमा शिशु स्याहार कक्षको व्यवस्था गर्नु पर्ने, सबै सञ्चार माध्यम, समान पारिश्रमिकको व्यवस्था गर्नु पर्ने, पत्रकार महिलालाई सामाजिक सुरक्षाको व्यवस्था गर्नु पर्ने, सञ्चार प्रतिष्ठान र सञ्चारसम्बन्धी सरकारी संयन्त्रहरूको नीति निर्माण र निर्णायक तहमा महिलाको समानुपातिक समावेसी सहभागितालाई अनिवार्य गरिनु पर्ने लगायतका माग घोषणा पत्रमा गरिएको छ ।

पाँचै विकास क्षेत्रका गरि करिव २०० जना पत्रकार महिलाहरको सहभागिता रहेको उक्त दुई दिने राष्ट्रिय सम्मेलनमा रेडियो, टेलिभिजन र छापा माध्यमका संचालक, प्रमुख, सम्पादक र नीति निर्माण तहमा रहेका व्यक्तिहरु तथा सहभागी पत्रकार महिलाहरु वीच छुट्टाछुट्टै ३ चरणमा अन्तर्क्रिया गरिएको थियो ।

अन्तर्क्रिया कार्यक्रमको क्रममा सहभागी पत्रकार महिलाहरुले पत्रकारिताको सिलसिलामा आफूले भोग्नु परेका समस्या, व्यवधान र चुनौतीहरु विभिन्न संचार माध्यमका संचालक, प्रमुख, सम्पादक र नीति निर्माण तहमा रहेका व्यक्तिहरु वीच राखेका थिए । सोही क्रममा पत्रकार महिलाहरुका सामूहिक समस्या, चुनौती, अवसर र संभावनाहरुका विषयमा पनि बृहत छलफल भएको थियो ।

भवदीय,

निर्मला शर्मा
महासचिव